मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १५४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ बैशाख १० गते शुक्रवार (Friday, April 23. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

यस Best future मन्टेश्वरी तालिम केन्द्रमा मन्टेश्वरी तालिमका एकहप्ता, दुई हप्ता, एक महिना र तीन महिनामा हुने विभिन्न कोर्षहरुमा मन्टेश्वरीको तालिम लिई आफूलाई उत्कृष्ट बनाई रोजगारीको सुनिश्चतता गर्नुहोस् ।

तालिममा उत्कृष्ट हुने १५ जनालाई रोजगारीको पूर्ण ग्यारेन्टी गरिनेछ । *नोटः तालिमका कक्षाहरु बैशाख १२ गते आइतबारबाट सञ्चालन हुनेछ । साथै यस स्कुलमा कक्षा PG देखि U.K.G. सम्मका नानीहरूका लागि भर्ना खुलेको समेत जानकारी गरिन्छ ।*

सम्पर्क : ९८४९२५९७२९, ९८४१८९७४४७, ०२३-५४२६४७

Best Future Montessori School & training center, Birtamod–06

## रुखको हाँगा भाँचिएर लाग्दा बालकको मृत्यु

**झापा, बैशाख ९।** विहीवार बिहान पानीसँगै आएको हावाहुरीले रुखको हाँगा भाँचिएर लाग्दा झापामा एक बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कमल गाउँपालिका-५ बस्ने ८ वर्षीय योजल राई रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए । प्रहरीका अनुसार हावाहुरी चलेका बेला बुबासँग घर नजिकैको माई वृक्षरोपणको नर्सरीमा दाउरा टिप्न गएको योजललाई वनमै रहेको मसलाको रुखको हाँगा भाँचिएर लाग्दा गम्भीर घाइते भएका थिए । घाइते उनलाई तत्काल उपचारका लागि दमक अस्पताल पुऱ्याउनासाथ मृत्यु भएको प्रहरीले जनाएको छ । हावाहुरीले जिल्लाका विभिन्न स्थानमा रुख ढाल्नुका साथै घर तथा पसलका छानाहरू पनि उडाएको छ । अन्नबालीमा समेत क्षति पुऱ्याएको प्रहरी कार्यालय झापाले जनाएको छ ।

## युरोप पठाइदिन्छु भन्दै ठग्ने पक्राउ

**काठमाडौं, बैशाख ९।** युरोप पठाइदिन्छु भन्दै १९ लाख ४७ हजार रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-१६ नयाँ बजार बस्ने चितवन राप्ती नगरपालिका-३ घर भएका ३६ वर्षीय भरतप्रसाद राईलाई प्रहरीले पक्राउ गरेको छ ।

ग्राण्डी ग्लोबल होलिडेज प्रालिका सञ्चालक राईले युरोपका पोर्चुगल, लाटभिया लगायतका देशमा भिजिट भिषामा जानका लागि १० लाख रुपैयाँ लाग्छ भन्दै प्रलोभनमा पारी ६ जना व्यक्तिहरुसँग १९ लाख ४७ हजार रुपैयाँ लिई सम्पर्कविहीन भई ठगी गरेको खुल्न आएपछि महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । राईलाई आवश्यक कारवाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको उक्त महाशाखाले जनाएको छ ।

## फरार प्रतिवादी पक्राउ

**मोरङ, बैशाख ९।** नकावजनी चोरी मुद्दाका फरार प्रतिवादी विराटनगर महानरगपालिका-२ दुर्गाचोक बस्ने २८ वर्षीय कुलदिप रायलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत मोरङको २०६९ असोज २३ गतेको फैसलाले नकावजनी चोरी मुद्दामा १ महिना १५ दिन कैद र ३९ हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनकै ठेगानाबाट पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत मोरङमा बुझाइएको उक्त कार्यालयले जनाएको छ ।

### बस्नेत जग्गा प्रकरण

# १० पक्राउ, ६ जना फरार

**पार्थ मण्डल**

**झापा, बैशाख ९।** तीन वर्षदेखि योजना बनाएर बिर्तामोडका टुङ्गबहादुर बस्नेतको नामको करोडौं मूल्य पर्ने जग्गा अधिकृत वारेसनामासहित किर्ते कागजात बनाएर बिक्री गरेको आरोपमा झापा प्रहरीले १० जनालाई पक्राउ गरेको छ ।

घटनामा संलग्न ६ जना अझै फरार रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए । उनीहरूलाई प्रहरी कार्यालय झापाले बिहीबार सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा वारेसनामा आफ्नो नाममा ल्याउने बाह्रदशी गाउँपालिका-३, हाल बिर्तामोड-२ चैतुवारी बस्ने ३९ वर्षीय मङ्गलसिंह राजवंशी, नक्कली जग्गाधनी बनेका बिर्तामोड-१० हाल कोटीहोम सुरुङ्गामा बस्ने ७१ वर्षीय देवीप्रसाद पाण्डे, जग्गा खरिद गर्ने बिर्तामोड नगरपालिका-४ बस्ने ३३ बर्षीया रञ्जु राई, उनका श्रीमान् दोभान कन्स्ट्रक्सन कम्पनी बिर्तामोडका सञ्चालक ३४ वर्षीय गोविन्द बान्तवा (मिलन), नापी कार्यालयका पूर्व कर्मचारी तथा नमस्ते होटेल चन्द्रगढीका सञ्चालक भद्रपुर-७ बस्ने ५२ वर्षीय नवीन कोइराला, बाह्रदशी गाउँपालिका-५ बस्ने ५० वर्षीय लीलाधर राजवंशी, भोजपुर जिल्ला तिवारी भञ्ज्याङ्ग-२ हाल गौरीगञ्ज गाउँपालिका-१ बस्ने ३७ वर्षीय बलराम विश्वकर्मा (सुशील), नेपाल विद्युत् प्राधिकरण फिक्कल शाखाका कर्मचारी शिवसताक्षी नगरपालिका-८ बस्ने ४२ वर्षीय भूपदेव कटुवाल, बिर्तामोडका ट्याक्टर शोरुम सञ्चालक तथा जग्गा किनबेच गर्ने अजर्नुधारा नगरपालिका-५ बस्ने ५३ वर्षीय लेखनाथ खनाल र मोरङ जिल्ला उर्लाबारी-४ बस्ने ४८ वर्षीय राजन विश्वकर्मा रहेको डीएसपी थापाले जानकारी दिए । उनीहरूलाई विभिन्न मितिमा विभिन्न स्थानबाट पक्राउ गरी ठगी, सरकारी छाप दस्तखत किर्ते, आपराधिक लाभ तथा सङ्गठित अपराध मुद्दामा झापा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको उनले बताए ।

**जग्गा हडप्ने योजनामा कसको भूमिका के ?**

बस्नेतबाट वारेसनामा जारी गरेका मङ्गलसिंह राजवंशीले बलराम विश्वकर्मा र लीलाधर राजवंशीसँग मिलेर सुरुङ्गाको कोटीहोमस्थित धर्मशालामा बसोबास गर्ने ७१ वर्षीय देवीप्रसाद पाण्डेलाई पाँच लाख रुपैयाँ दिने प्रलोभन देखाई नक्कली टुङ्गबहादुर बस्नेतको रुपमा खडा गराएको साथै राजवंशीलाई धर्मपुत्रको रुपमा भूमिका खेलेको प्रहरी अनुसन्धानबाट खुलेको छ । त्यसपछि



नक्कली टुङ्गबहादुर बस्नेतबाट काठमाडौं जिल्ला अदालतमा जग्गा बेचबिखन गर्न पाउने गरी अधिकृत वारेसनामा लिई सो जग्गा रञ्जु राईको नाममा मालपोत कार्यालय झापाबाट राजीनामा पास गराएको डीएसपी थापाले बताए ।

त्यस्तै नक्कली जग्गाधनी (टुङ्गबहादुर बस्नेत) बनेका देवीप्रसाद पाण्डेले मङ्गलसिंह राजवंशीलाई अधिकृत वारेसनामा बनाइदिन भूमिकामा खेलेका थिए । जग्गा खरिद गर्ने रञ्जु राईले श्रीमान् गोविन्द बान्तवा लगायत अन्य योजनाकारहरूको सहमतिमा बस्नेतको जग्गा राजवंशीले पाएको अधिकृत वारेसनामामार्फत बेचबिखन गर्न असहज हुने देखिएकोले उनको नाममा राजीनामा पास गराएको अनुसन्धानबाट खुलेको डीएसपी थापाले बताए ।

त्यसैगरी बान्तवाले उनकी श्रीमती रञ्जुको नाममा राजीनामा पास गराउन भूमिका खेल्नुका साथै योजनालाई सफल बनाउन आवश्यक रकमको बन्दोबस्तमा जुटेका थिए । नापी कार्यालयका पूर्वकर्मचारी कोइराला बस्नेतको जग्गा हडप्ने योजनामा शुरुदेखि संलग्न भएको अनुसन्धानबाट खुलेको छ । उनले बस्नेतको नाममा रहेको जग्गा पत्ता लगाउने, धनीपूर्जा किर्ते गर्ने र बस्नेतको नागरिकताको विवरण इलामसम्म गई पत्ता लगाई किर्ते गरी नागरिकता बनाउने कार्यमा गिरोहलाई सहयोग गरेको र विभिन्न समयमा उक्त काम गरे बापत गोविन्द बान्तवासँग १४ लाख रुपैयाँ लिएको प्रहरी अनुसन्धानबाट खुलेको छ । त्यस्तै लीलाधर राजवंशीले नक्कली जग्गाधनी खडा गर्ने क्रममा उपयुक्त व्यक्ति पहिचान गरी योजनामा सरसहयोग गरेको र मङ्गलसिंह राजवंशीलाई ठूलो रकम फाइदा हुने प्रलोभन देखाइ धर्मपुत्रको रुपमा कार्य गर्न प्रेरित गरेको अनुसन्धानबाट खुलेको छ । उनले नै सुरुङ्गाको कोटीहोममा बसोबास गर्ने देवीप्रसाद पाण्डेको पहिचान गरी योजनालाई सकारात्मक बनाउन बलराम विश्वकर्मा र मङ्गलसिंह राजवंशीसँग पटक-पटक भेटघाट गराएको र अधिकृत वारेसनामा कार्यको लागि काठमाडौं पठाउने क्रममा पाण्डेलाई आफ्नो मोटरसाइकलमा चढाएर चारपानेसम्म लगी हुलिया परिवर्तन गराई राजन विश्वकर्माले चलाउने गरेको स्कर्पियो गाडीमा चढाएर पठाएको डीएसपी थापाले बताए ।

त्यसैगरी बलराम विश्वकर्माले लेखनाथ खनाल, प्रकाश कार्की, नवीन कोइराला, भूपदेव कटुवाल, गोविन्द बान्तवासँग मिलेर बस्नेतको जग्गा हत्याउने योजना बनाएका थिए । उनले नै गौरादह नगरपालिका-७का वडाध्यक्ष बलराम खरेल (हाल फरार) लाई काठमाडौंसम्म लगी अधिकृत वारेसनामा बनाउने कार्यमा मुख्य भूमिका खेल्नुका साथै भूपदेव कटुवालसँग मिलेर बस्नेतको नागरिकतामा भएको विवरण समावेश गरी देवीप्रसाद पाण्डेको फोटो टाँसेर नक्कली नागरिकता बनाएको र मालपोतमा राजीनामा पास गराएको लिखत कागजातमा समेत साक्षी बसेको डीएसपी थापाले बताए । साथै उनले मालपोत कार्यालयबाट जग्गा पास गर्नको लागि आवश्यक हुने घर बाटो सिफारिस, तिरो तिरेको रसिद गौरादहका वडाध्यक्ष बलराम खरेलसँग मिलेर किर्ते कागजात बनाएका थिए । भूपदेव कटुवालले बस्नेतको नक्कली नागरिकता प्रतिलिपि बनाएको र अधिकृत वारेसनामा गर्ने कार्यको लागि काठमाडौंसम्म गई प्रतिवादी देवबहादुर विष्ट (हाल फरार)लाई सहमत गराई अनुकूल वातावरण बनाई बलराम विश्वकर्मा, मङ्गलसिंह राजवंशी, बलराम खरेल र देवीप्रसाद पाण्डेलाई काठमाडौं बोलाएका थिए ।


त्यस्तै योजनामा शुरुदेखि संलग्न लेखनाथ खनालले जग्गालाई बेचबिखन गरी सल्टाउने कार्यमा गोविन्द बान्तवालाई सामेल गराएको र यसका लागि आवश्यक पर्ने रकमको बन्दोबस्त गर्ने काममा मध्यस्त भूमिकामा बान्तवाबाट पैसा लिएर गिरोहलाई सरसहयोग गरेका थिए । साथै मालपोतका कर्मचारीसँग सहज रुपमा काम गराउने वातावरण मिलाएको र राजीनामा लिखतमा समेत साक्षी बसेको डीएसपी थापाले बताए । अधिकृत वारेसनामा बनाउने क्रममा राजन विश्वकर्माले आफ्नो गाडी प्रयोग गरेको र अन्य प्रतिवादीहरूको अनुरोधमा विभिन्न सिम कार्ड निकाल्न सहयोग गरेको अनुसन्धानबाट खुलेको डिएसपी थापाको भनाइ छ ।

**६ जना अझै फरार**

बस्नेत जग्गा प्रकरणमा संलग्न भएका ६ जना अझै फरार रहेको प्रहरी कार्यालय झापाले जनाएको छ । घटनामा वडा अध्यक्ष, मालपोत अधिकृत, कर्मचारीदेखि साक्षी बसेका व्यक्तिहरू अझै फरार रहेको डीएसपी राकेश थापाले जानकारी दिए । किर्ते कागजात तयार गर्न सरसहयोग गरेको, अधिकृत वारेसनामा गर्ने कार्यको लागि अन्य प्रतिवादीहरुसंगै काठमाडौं जिल्ला अदालतसम्म गई समन्वयात्मक भूमिका खेलेको तथा अन्य प्रतिवादीहरूलाई भगाउने कार्यमा संलग्न भएका गौरादह नगरपालिका-१का वडाध्यक्ष बलराम खरेल, बैंकिङ्ग कारोबार लगायतका प्रक्रिया नपुग्दै राजीनामा पास गर्नको लागि लिखत पारित गरिदिएका भूमिसुधार तथा मालपोत कार्यालय झापाका अधिकृत चेतन अधिकारी, सक्कली बस्नेतको जग्गा धनीपूर्जामा भएको फोटो र नक्कली बस्नेतको फोटो भएको धनीपुर्जालाई रुजु नगरी मोठ भिडाएको मालपोतका तत्कालीन नायव सुब्बा हरि तिवारी, अदालतको अधिकृत वारेसनामामा साक्षी बसेका जिल्ला ओखलढुङ्गा चिशंखुगढी गाउँपालिका-७ बस्ने ५६ वर्षीय वेगप्रसाद कोइराला, अधिकृत वारेसनामाको लिखत प्रक्रियाको लागि कानून व्यवसायीलाई मिलाएर लिखतमा साक्षी बसेका जिल्ला खोटाङ हलेसी तुवाचुङ्ग नगरपालिका-११ स्थायी ठेगाना भई हाल काँडाघारी, काठमाडौं बस्ने ३२ वर्षीय देवबहादुर विष्ट र अधिकृत वारेसनामा तथा जग्गा पास गर्ने कार्यको लागि सहज वातावरण मिलाइदिने र बस्नेतको स्रेस्तामा कायम रहेका जग्गा सम्बन्धी सूचना सङ्कलन

*(बाँकी अन्तिम पृष्ठमा)*

# कोरोना: निगरानी र सावधानीप्रति चासो कम



**झापा, बैशाख ९।** सरकारले कोभिड-१९ नियन्त्रणका लागि यही वैशाख ६ गते विभिन्न आदेश जारी गर्दै मुलुकभर सावधानी अपनाउन सर्वसाधारणमा अपिल गरे पनि मुलुकमा त्यसलाई खासै ख्याल गरेको पाइएको छैन । आदेशको कार्यान्वयनमा सम्बद्ध निकायको सक्रियता पनि न्यून देखिएको छ ।

स्थानीय प्रशासन र स्थानीय तहले सार्वजनिक सूचना जारी गर्नेभन्दा अरू व्यवहारिक गतिविधिमा जोड दिनसकेको देखिँदैन । सुरक्षा निकायले पनि तुलनात्मक रूपमा आफ्ना गतिविधिलाई तीव्रता दिन सकिरहेको छैन । काठमाडौंमा प्राध्यापन गर्दै आएका पदम जोशी नागरिकले स्व-सावधानी उपाय अपनाएको समेत नपाइएको र कार्यान्वयन गर्ने निकायको प्रस्तुति पनि कमजोर रहेको बताउँछन् । जबसम्म प्रहरीको सक्रियता कम हुन्छ तबसम्म सर्वसाधारणले स्वास्थ्य मापदण्ड पालनामा हेल्चेक्र्याइँ गरिरहने प्रवृत्ति कायम रहन्छ । त्यसैले पनि सुरक्षाकर्मीले भूमिका बढाउनुपर्नेमा जनस्वास्थ्यविद्को सुझाव छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अत्यावश्यक काम नपरी घरबाट ननिस्कन सार्वजनिक अनुरोध गरिसकेको छ । मन्त्रालका प्रवक्ता डा. जागेश्वर गौतम आफूबाहेक सबैमा कोरोना छ भन्ने सोचेर सावधानी अपनाउन आग्रह गर्छन् । काठमाडौंका विभिन्न क्षेत्रमा घुम्दा कतिपय मानिस कोभिड-१९ बाट बच्ने सावधानीका उपाय थाहा हुँदाहुँदै पनि पालनामा ध्यान नदिइएको पाइएको गौतमले बताए । उनले विगतमा सङ्क्रमणको अवस्था र त्यसबाट उत्पन्न परिस्थितिबारे जानकार भएकाले पनि उनीहरुमा चासो कम रहेको अनुभव सुनाए । काठमाडौंको रत्नपार्कमा मास्क नलगाई बसेका एक बटुवा कोरोना भनेको यस्तै त हो, जस्तो लागेर आफूले मास्क नलगाएको बताएको उनको भनाइ थियो ।

मुख्यगरी सरकारले शहरी क्षेत्रका महानगर, नगरपालिकामा भर्चुअल कक्षा चलाउने, सिनेमा हलजस्ता भीडभाड हुने क्षेत्र वैशाखभर बन्द गर्ने, विवाहजस्ता कार्यमा २५ भन्दा बढी सहभागी हुन नपाउने, होटल रेष्टुरेन्ट बिहान ८:००देखि राति ८:०० बजेसम्म मात्रै चलाउन पाइने, गाडीमा सिट क्षमतानुसार मात्रै यात्रु राख्न पाइने र सबै स्वास्थ्यका मापदण्ड पालना गर्नुपर्नेलगायतका निर्णय गरेको थियो । सोही अनुसार केही निर्णय कार्यान्वयनमा आएपछि सार्वजनिक स्थानमा हुने भीडभाड र नागरिकले व्यक्तिगतरूपमा अपनाउनुपर्ने सावधानीका विषयमा भने गम्भीर हुनसकेको देखिएको छैन ।

किनमेल गर्ने क्षेत्र होस् या तरकारी बजार मास्क नलगाई हिँड्ने समेत देखिएका छन् । ठाउँ-ठाउँमा हात धुनका लागि बनाइएका धारा कतिपय ठाउँमा हटाइएको छ भने भएका पनि राम्ररी प्रयोग हुनसकेको छैन । सरकारी आदेश कार्यान्वयनमा लाग्नुपर्ने सुरक्षाकर्मीको फितलो निगरानी देखिएको छ । यद्यपि नेपाल प्रहरीका प्रवक्ता वसन्तबहादुर कुँवर निगरानी बढाएको बताउँछन् ।

काठमाडौं प्रशासनले आदेशको बेवास्तालाई पुष्टि गर्दै पुनः अर्को सूचना जारी गरी त्यस्ता गतिविधि रोक्न भनेको छ । सरकारी तथा सार्वजनिक निकाय तथा निजी एवम् गैरसरकारी संस्थाले विभिन्न सभा-सम्मेलन तथा सेमिनार गरिरहेको भन्ने गुनासा आएकाले त्यस्ता

*(बाँकी अन्तिम पृष्ठमा)*

## भद्रपुरका एक पुरुषको कोरोनाबाट मृत्यु

**झापा, बैशाख ९।** भारतबाट आएका एक कोरोना संक्रमित पुरुषको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भद्रपुर नगरपालिका-४ निवासी ३८ वर्षीय पुरुष रहेको भद्रपुर नगरपालिका स्वास्थ्य शाखाका फोकल पर्सन मनोज भट्टराईले जानकारी दिए । ती पुरुष भारतको बैंगलोरमा काम गर्न गएका थिए । चार दिन अघि घर फर्किएका ती पुरुषमा बुधवार श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि बिर्तामोडस्थित वीएण्डसी अस्पताल गएका थिए । उनको उपचारको क्रममा बिहीबार बिहान मृत्यु भएको फोकल पर्सन भट्टराईले बताए ।

उनी घर आउँदा कोरोना संक्रमणको लक्षण देखिएको थिएन, चार दिन पछि मात्र लक्षण देखिएको हो- उनले भने । संक्रमित पुरुषको शव व्यवस्थापन भद्रपुर-४स्थित मायालु सामुदायिक वन परिसरमा गरिने उनले बताए । भद्रपुरमा वडा नम्बर ७का २५ वर्षीय र ४८ वर्षीय गरी दुई पुरुषमा कोरोना संक्रमण पुष्टि भएको छ ।

## चट्याङ लागेर एक महिलाको मृत्यु

**मोरङ, बैशाख ९।** मोरङको कानेपोखरी-२ दलेलीकी ४३ बर्षीया सुकवती राजवंशीको चट्याङ लागेर मृत्यु भएको छ ।

बिहीबार बिहान साढे ८ बजे पानी परेकोले घर नजिकै रहेका गाईगोरू सार्न जाने क्रममा चट्याङ लागेर गम्भीर घाइते भएकी राजवंशीको उपचारका लागि लाँदा

*(बाँकी अन्तिम पृष्ठमा)*

## सूचना

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई आजैबाट रोकौं सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **बैशाख १० र ११ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक

पुरानो वाणिज्य बैंक फलामे पुल छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

## मोबाइल ! मोबाइल !! मोबाइल !!!

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि** साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
**सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१**

# वीरता लेडी जेसीजद्वारा यौनजन्य हिंसा रोक्न अन्तरक्रिया




**बिर्तामोड, बैशाख ९।** लैंगिक हिंसाका घटना रोक्ने उद्देश्यले वीरता लेडी जेसीजले बिहीबार सरोकारवाला निकायसँग अन्तरक्रिया गरेको छ। यौन हिंसा तथा बलात्कारका घटना रोक्ने उद्देश्यले सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदै अन्तरक्रिया गरेको हो ।

शहरी क्षेत्रमा पछिल्लो समय यौनजन्य हिंसाका घटना बढिरहेको भन्दै वीरता लेडी जेसीजले यौनजन्य हिंसा रोक्न सबै सचेत बन्नुपर्नेमा जोड दिएको छ। पछिल्लो समय यौनहिंसाको स्वरुप बदिलिएको भन्दै यस विषयमा पुरुषहरुलाई समेत सचेत गराउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

एबीसी नेपाल झापाकी अध्यक्ष कञ्चना सिटौला, महिला चेम्बर झापाकी अध्यक्ष प्रेमा भट्टराई, बिर्तामोड-४की वडा सदस्य कविता थापा, नेवा:मिसा दबु झापाकी अध्यक्ष तिलरुपा श्रेष्ठ लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुले आधुनिकतासँगै बढेको महिला हिंसाप्रति चिन्ता व्यक्त गरे ।

वीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईले हिंसा बदलिएको होइन स्वरुप मात्रै बदलिएको बताइन् । शिक्षित महिलाहरु नै यौनजन्य हिंसाको शिकार बन्नुपरेको भन्दै अब सबै सजग बन्नु पर्नेमा उनले जोड दिइन् । उपल्लो दर्जाका महिलाहरु हिंसामा परे पनि हिंसाका घटना लुकाउनुपर्ने बाध्यतामा परेकाले अझै धेरैले न्याय पाउन नसकेको उपप्रमुख प्रसाईको भनाइ थियो ।

कार्यक्रममा अविधक्ता कविता बास्तोला (शर्मा) ले अन्तरक्रिया कार्यक्रमको सहजीकरण गरेकी थिइन् । उनले महिला हिंसाका घटनाहरुको विषयमा जानकारी गराएकी थिइन् । अधिवक्ता शर्माले कानूनी प्रवधानका विषयमा समेत सहभागी महिलाहरुलाई जानकारी गराइन् ।

वीरता लेडी जेसीजकी कार्यकारिणी उपाध्यक्ष संगीता गिरीले स्वागत गरेको कार्यक्रममा आस्था बाचन सदस्य निशा शाक्य र सञ्चालन महासचिव हिमा पौडेलले गरेका थिए । कार्यक्रममा सविना ढकाल र झुमा भट्टराईले यौन हिंसाका विषयमा बोलेका थिए । कार्यक्रममा कोभिड-१९ बाट बच्न स्वास्थ्य मापदण्डको पूर्णरुपमा पालना गरिएको थियो ।

# पत्रकार महासंघ प्रदेश १ र मोरङको पद हस्तान्तरण

**विराटनगर, बैशाख ९।** नेपाल पत्रकार महासंघ प्रदेश १ कमिटी र मोरङ जिल्ला कार्यसमितिको बिहीबार पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

नेपाल पत्रकार महासंघको २६औं निर्वाचनबाट प्रदेश र जिल्ला तहमा निर्वाचित सदस्यहरुलाई विराटनगरमा संयुक्त कार्यक्रम गरी पद हस्तान्तरण गरिएको हो ।

गत चैत्र २५ गते सम्पन्न पत्रकार महासंघको निर्वाचनबाट प्रदेश १मा अध्यक्ष लीलाबल्लभ घिमिरेको नेतृत्वमा २१ सदस्यीय कार्यसमिति चयन भएको छ भने जिल्ला शाखामा अध्यक्ष सञ्जीव खनालको नेतृत्वमा २० सदस्यीय कार्यसमिति चयन भएको छ। यस्तै मोरङबाट पत्रकार महासंघको प्रदेश परिषद् सदस्यमा १३ जना र केन्द्रिय परिषद् सदस्यमा ५ जनाले जिम्मेवारी पाएका छन् ।

बिहीबार नवनिर्वाचित जिल्ला कार्यसमितिलाई प्रदेश १का सभामुख प्रदीपकुमार भण्डारी र मुख्य निर्वाचन अधिकृत दीपक दाहालले प्रमाण-पत्र प्रदान गरेका छन् । यस्तै नवनिर्वाचित प्रदेश कार्यसमितिलाई भने निर्वाचन समितिका संयोजक यज्ञराज शर्मा र सभामुखले प्रमाणपत्र वितरण गरेका छन् ।

पद हस्तान्तरण कार्यक्रममा शुभकामना दिँदै प्रदेश १का सभामुख भण्डारीले संघीयता कार्यान्वयनको अभिन्न अङ्गको रुपमा हेरिएको सञ्चार जगतलाई जनताका संवैधानिक हक र अधिकार रक्षाको प्रमुख स्तम्भका मानिएको बताए ।

उनले आदर्श समाज निर्माणमा सञ्चार जगतको भूमिका उल्लेखनीय रहेको भन्दै पेशागत मर्यादा र अनुशासनको माध्यमबाट लोकतन्त्रलाई सुदृढ बनाउन तथा राज्यलाई जनताप्रति उत्तरदायी बनाउन महत्वपूर्ण सघाउ पुग्ने भनाइ थियो ।




# कोरोना संक्रमण न्यूनीकरणका लागि विभिन्न निर्णय



**कमल, बैशाख ९।** झापाको कमल गाउँपालिकामा बसेको विपद् व्यवस्थापन समितिको बैठकले कोभिड १९बाट हुन सक्ने संक्रमणलाई न्यूनीकरण गर्नका लागि विभिन्न निर्णय गरेको छ ।

गाउँपालिकामा बसेको बैठकले कोभिड-१९ को संक्रमण बाट बच्न प्रचारप्रसार गर्ने, क्वारेन्टाइन र आइसोलेसनलाई तयारी अवस्थामा राख्ने एन्टिजेन टेष्टको व्यवस्था मिलाउने, दमकस्थित कोभिड अस्पताल निर्माणका लागि गाउँपालिकाले आर्थिक सहयोग गराएकाले जटिल अवस्थामा आएका विरामीलाई दमक अस्पतालमा उपचारको व्यवस्था मिलाउने, दोश्रो चरणको भ्याक्सिन कार्यक्रमलाई प्रभावकारी बनाउने, नेपाल रेडक्रस सोसाइटी कमल गाउँपालिका शाखाको समन्वयमा विद्यालयमा प्राथमिक उपचार बक्स ( फस्टएड) वितरण गर्ने लगायतका निर्णय भएको कमल गाउँपालिका विपद् व्यवस्थापन समितिका फोकल पर्सन इन्द्र अर्यालले जानकारी दिए ।

त्यसैगरी समितीले नेपाल सरकारले २०७८ साल बैशाख ६ गते राजपत्रमा प्रकाशित निर्णय कार्यान्वयन गर्ने निर्णय गरेको छ। कारितास नेपालले कमल गाउँपालिकाको वडा नम्वर ३, ४ र ५ मा हात्ती भगाउन उपलब्ध गराएको साइरन ६ थान, टर्च लाइट ९ थान समेत प्रदान गरिएको समितिले अनुमोदन गरेको छ ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)




पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## कोरोना ...

गतिविधि भर्चुअलरूपमा गर्न प्रशासनले अनुरोध गरेको छ।

**हात धुने बानी घट्यो**

सर्वसाधारणमा हातधुने बानी समेत घट्दै आएको छ। गत वर्ष यो समयमा नेपालमा कोभिड-१९ को सङ्क्रमणले गति लिन थाल्दा ठाउँ-ठाउँमा हात धुनका लागि ट्याङ्कीको व्यवस्था गरिएको थियो भने त्यसको प्रचारप्रसारलाई तीव्रता दिइएको थियो। प्रहरी र स्थानीय तहले माइकिङ नै गरेर सावधानी हुन सार्वजनिक आह्वान गरेको थियो। अहिले गत वर्ष राखिएका ती कतिपय ट्याङ्की निकालिएका छन् भने कतिपय ठाउँमा भएका ट्याङ्की न्यून प्रयोग भइरहेको छ। काठमाडौँको मैतीदेवीमा राखिएको ट्याङ्की हटाइएको छ। अन्य स्वास्थ्य सुरक्षा मापदण्ड प्रयोग गर्ने क्रम पनि धेरै घटेको छ।

अहिले मुलुकभर सङ्क्रमणदर दैनिकरूपमा बढ्दो छ। मन्त्रालयका अनुसार बुधबार सङ्क्रमण बढेर दुई हजार ३५१ पुगेको थियो। त्यसको अघिल्लो दिन मङ्गलबार एक हजार ७३६ सङ्क्रमित थपिएका थिए। सोमबार वैशाख ६ मा एक हजार २८१ र ५ गते एक हजार ९६ मा सङ्क्रमण देखिएको थियो।

सङ्क्रमणको दर क्रमश: उकालो लाग्दै जाँदा उपत्यकामा गति बढ्दो छ। बुधबारको सङ्क्रमितमध्ये झण्डै आधा काठमाडौँका रहेकाले अबको सङ्क्रमण उपत्यकामा बढ्ने देखिएको छ। उपत्यकामा सोहीअनुसारको तयारी भने हुनसकेको छैन। स्थानीय प्रशासनले विशेष सूचना जारी गरी सतर्कता अपनाउन भने पनि त्यो कार्यान्वयन हुनसकेको देखिँदैन।

ट्राफिकले थाल्यो गाडीको अनुगमन

प्रहरीको निगरानी कमजोर भइरहेको जनगुनासोका बीच आजदेखि भने महानगरीय ट्राफिक प्रहरीले यातायातका साधनले मापदण्ड पालना गरे/नगरेको विषयमा अनुगमन शुरु गरेको छ। उसले उपत्यकाका विभिन्न २० स्थानमा टोली परिचालन गरी अनुगमन थालेको हो। आदेश पालनामा बेवास्ता गरेको पाइए सङ्क्रामक ऐन २०२० अनुसार कारवाही गरिने महाशाखाले जनाएको छ।

काठमाडौँ प्रशासनले सवारी साधन सञ्चालन गर्दा चालक र सहचालकलाई मास्क तथा भाइजर अनिवार्य रुपमा लगाउन भनेको छ। सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्न, कुनै पनि यात्रुले मास्क नलगाइ आएमा बढीमा रु १० लिई उपलब्ध गराउन र मास्क नलगाउने व्यक्तिलाई सवारीमा प्रवेश निशेष गर्न तथा सवारी साधनको ढोकामा र भित्र सेनिटाइजरको व्यवस्था मिलाउन प्रशासनले अनुरोध गरेको छ।

लामो दूरीमा चल्ने सार्वजनिक यातायातका साधनले बीच बाटोमा यात्रु चढाउन नपाउने तथा यात्रुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र काठमाडौँलाई उपलब्ध गराउनुपर्ने गरी विशेष सूचना जारी गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुली बताउँछन्।

**प्रदेश नं १ मा १६८ संक्रमित थप**

पछिल्लो २४ घण्टामा प्रदेश नं १ मा आज १६८ कोरोना सङ्क्रमित थपिएका छन्। थपिएका सङ्क्रमितमा मोरङमा १०८ मध्ये विराटनगरमा ९७, सुनसरीमा २८, झापामा १७, धनकुटामा दुई, तेह्रथुम र उदयपुरमा एक/एक र प्रदेश बाहिरका ११ जनामा सङ्क्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

प्रदेश १ मा कोरोना सङ्क्रमितको संख्या ३१ हजार ७० पुगेको छ भने सङ्क्रमितमध्ये २९ हजार ९३२ जना सङ्क्रमणमुक्त भएको र सक्रिय सङ्क्रमितको संख्या ६६६ पुगेको छ। ६०२ जनाको पीसीआर परीक्षण गर्दा ७२ महिला र ९६ पुरुषमा पोजेटिभ देखिएको मन्त्रालयले जनाएको छ।

## चट्याङ ...

मृत्यु भएको हो ।

घाइते राजवंशीलाई उपचारको लागि उर्लाबारीस्थित मदनभण्डारी अस्पताल तथा ट्रमासेन्टर लगेकोमा अस्पताल पुर्‍याउनासाथ मृत्यु भएको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ ।


## जग्गा बिक्रीमा

झापाको कनकाई नगरपालिका अन्तर्गत पर्यटकीय क्षेत्र सिमसार जाने बाटोमा ३५ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ ।

**सम्पर्क: ९८४९०६००९९**

## किचन हेल्पर चाहियो

बिर्तामोडस्थित एक फास्टफुडका लागि किचन हेल्पर आवश्यकता परेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८१७९७८१७८/ ९८२४०३४६४०**

## कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिकको लागि बिर्तामोड क्षेत्रभित्र पत्रिका वितरण गर्न केही कर्मचारी आवश्यक भएकोले आफ्नै साइकल भएका स्थानीय तथा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**फोन नं. ९८४२६९६११२, ९८०७०१०२२२**
**समय : बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म ।**


## रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठान भद्रपुर झापाको कार्यक्रम स्थगित भएको सूचना

**यस प्रतिष्ठानले विभिन्न चार विधामा (कृषि, साहित्य तथा पत्रकारिता, महिला र बालबालिकाको क्षेत्रमा) उत्कृष्ट योगदान पुर्‍याउने महानुभाव तथा संस्थालाई सालबसाली रुपमा राष्ट्रियस्तरमा पुरस्कार तथा सम्मानबाट कदर गर्दै आएको अवगत नै छ ।**

**त्यसैले क्रमबद्धता स्वरुप मिति २०७८/०१/०४ गते गरेको पत्रकार भेटघाट मार्फत सन् २०१९ र २०२०का लागि सम्मानित हुनुहुने व्यक्ति तथा संस्थाको नामावली, आगामी समयमा गर्न लागिएको थप कार्यक्रमका तथा सोका लागि सम्मान समारोह यही बैशाख १४ गते सुरुङ्गास्थित कन्काई उद्योग वाणिज्य संघको अतिथि सदनमा आयोजना गर्न लागेको सम्बन्धमा प्रतिष्ठानले सार्वजनिक गराई सकेको स्मरण नै छ ।**

**हाल कोभिड-१९को प्रकोप बढ्दो क्रममा रहेको र नेपाल सरकारबाट समेत सोबाट बच्नको लागि ठूला सभा समारोह आयोजना गर्न बन्देज लगाएका कारण सम्मान तथा पुरस्कार वितरणको उक्त कार्यक्रम स्थगित गरिएको अवगत गराउँदछौं । असहज परिस्थितिका कारण पर्न गएको असुविधाको लागि प्रतिष्ठान क्षमा याचना गर्दै सहयोगको अपेक्षा गर्दछ ।**

**श्री गंगाप्रसाद ओली : अध्यक्ष**

## १० पक्राउ ...

गरी गिरोहलाई उपलब्ध गराउने भद्रपुर-७ बस्ने ५३ वर्षीय प्रकाश कार्की फरार रहेको डीएसपी थापाले बताए । उनीहरूको खोजी कार्य भइरहेको उनले जानकारी दिए ।

**के भएको थियो घटना**

साबिक चारपाने गाविस-१ हाल बिर्तामोड नगरपालिका-१ अन्धुवा पुलस्थित पूर्व-पश्चिम राजमार्ग नजिकै स्वर्गीय टुङ्गबहादुर बस्नेतको कित्ता नम्बर ४१८३ को एक कठ्ठा पौने १४ धुर जमिन बिर्तामोड नगरपालिका-७ निवासी रञ्जु राईको नाममा रजिस्ट्रेशन पास भएको छ। २०७७ साल माघ २१ गते राईको नाममा रजिष्ट्रेशन पास भएको हो । तर, जग्गाधनी बस्नेतको २०७६ साल साउन २४ गते नै मृत्यु भइसकेको थियो ।

जग्गाधनीको मृत्यु भएको एक वर्ष दुई महिना ४ दिनपछि नक्कली जग्गाधनी बनेकाले ७१ वर्षको उमेर खुलाएर काठमाडौँ जिल्ला अदालतमा गएर अधिकृत वारेसनामा बनाएका उनले २०७६ असोज २८ गते बाह्रदशी गाउँपालिका-३ डाँगीवारी बस्ने ३९ वर्षीय मङ्गलसिंह राजवंशीको नाममा वारेसनामा बनाएको र राजवंशीले राईलाई सो जमिन ८४ लाख ३७ हजार ५ सय रुपैयाँमा बिक्री गरेको मालपोतको स्रेस्तामा देखिन्छ । सो जग्गाको बजार मूल्य १० करोड हाराहारी रहेको बुझिएको छ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात व्यवस्था निर्देशनालय
प्रदेश नं. १
इटहरी, सुनसरी, नेपाल

dotm.provience1@gmail.com
फोन नं. ०२१-५८१९०९

### प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशप सञ्चालन सम्बन्धी सूचना

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १५६, १५७ र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ ले गरेको व्यवस्था अनुसार १ नं. प्रदेशभित्र सञ्चालनमा रहेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपले आ-आफ्ने व्यवसायको अनुमतिपत्र प्राप्ती, नविकरण र वर्गिकरण जस्ता कार्यहरु गराउनको लागि यस निर्देशनालयमा सम्पर्क राख्नको लागि विभिन्न एफएम, रेडियो तथा पत्रपत्रिकामा पटक पटक सूचना प्रकाशित गरिसकेको हुँदा त्यस्ता प्रशिक्षण केन्द, कारखाना वा वर्कसपले नियमानुसार अनुमतिपत्र प्राप्ती, नविकरण तथा वर्गिकरण नगराई सञ्चालन नगर्न नगराउन हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सो सम्बन्धमा कुनै कुरा बुझ्नु पर्ने भएमा यस निर्देशनालयमा सम्पर्क गर्नसमेत सूचित गरिन्छ।

**नोट** : प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ यस निर्देशनालयको वेवसाइट dotm.p1.gov.np तथा आन्तरिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ विराटनगरको वेवसाइट www.moial.p1.gov.np मा गइ राजपत्रमा गएर डाउनलोड गरी हेर्न सकिन्छ।

भीम प्रसाद गौतम
**निर्देशक**
**यातायात व्यवस्था निर्देशनालय**

# Invitation for sealed Quotations

Kanakai , Municipality
Invitation for Quotations for: **Road Maintenance and Retaining wall Construction work of ward no -06**
**Contract Identification No: Kanakai/SQ/Works/1/077-78**

**First Date of publication: 2078/01/10 (23-04-2021)**

Name of the Office: Kanakai Municipality, Jhapa
Address of the Office : Kanakai Municipality, Surunga, Jhapa
ito.kankaimun@gmail.com
Jhapa, Province One , Nepal
Sealed Quotation No : Kanakai/SQ/works/1/077-78
Date of Publication : 2078/01/10

1. The Kanakai Municipality, Jhapa invites sealed quotations from registered contractors for the **Road maintenance and Retaining wall Construction work of ward no -06 .**
2. The Estimated amount for the works is **NRs: 1,179,843.43 (In words : Eleven lakhs Seventy Nine Thousand Eight Hundred Fourty Three and Fourty Three paisa Only )**Including of VAT and PS Items .

   Only eligible Nepalese bidders with the following key qualifications should participate in this bidding: Up to date company/firm registration certificate, VAT and PAN registration certificate, tax clearance certificate of F/Y 2076/077
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Kanakai Municipality, Jhapa at Kanakai Municipality, Jhapa Nepal. Jhapa Province -1, Nepal

   **or**

   Eligible Bidders may obtain further information and inspect the sealed quotation documents at the office of the Kanakai Municipality, Surunga, Jhapa, Facsimile: 9849108865, 9842627414 .
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs.

   Or

shall deposit the cost of bidding document in the account specified below:
**Name of the Bank:** Nepal Bank Ltd.
**Name of the Office:** kanakaiNagarpalika, Jhapa .
**Office Account no:** 14703000001001000001 .
**Rajaswa (revenue) Shirshak no:**

5. Quotation Sealed bids must be purchased by eligible bidders to the above office by on or before **07-05-2021 at 5 :00 PM .**
6. Quotation Sealed bids must be submitted to the above office by hand on or before **08- 05-2021 12:00 hours .** Bids received after this deadline will be rejected.
7. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 08-05-2021 14:00 hours at the office of Kanakai Municipality, Jhapa. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 30000.00** which shall be valid for 30 days beyond the validity period of the bid i.e **75 days.** or if bidders can be cash deposite for submission of bids as follows.

**Name of Bank :** Nepal Bank Ltd.Surunga Branch .
**Account no : 14703000003000000001.**

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
   (Note : As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information)

**Chief Administrative Officer**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# दोषी नउम्किउन्

नक्कली जग्गाधनी उपस्थित गराई करोडौंको जग्गा किनबेच गर्ने एउटा गिरोह पक्राउ परेसँगै किर्तेकाइतेहरु सक्रिय रहेको रहस्य खुलेको छ । झापा बिर्तामोड–१ स्थित पूर्व–पश्चिम महेन्द्र राजमार्गसँगै जोडिएको करोडभन्दा बढी मूल्य पर्ने जग्गा किर्ते गरी बिक्री गर्ने, खरिद गर्ने, जग्गाधनीको वारेस बन्ने लगायतका केही मानिस अहिले प्रहरी अनुसन्धानका क्रममा थुनामा छन् । उक्त मुद्दामा दश जनाभन्दा बढी पक्राउ परेका छन् भने त्यसै मुद्दामा अन्य व्यक्तिको समेत संलग्नता रहेको आशंकामा प्रहरीले खोजी कार्यलाई तीव्र बनाइरहेको छ । घटना बाहिर आए लगत्तै पक्राउ परेकाहरुसँग भएको अनुसन्धानका क्रममा 'ठूलै गिरोह' रहेको आशंकामा प्रहरीले खोजी तीव्र पारेको छ । सोही मुद्दामा झापा जिल्ला अदालत भद्रपुरले थुनछेकको आदेश जारी गरेपछि मालपोत तथा भूमिसुधार कार्यालयका केही कर्मचारीहरु फरार भएकोले अर्को आशंका जन्माएको छ ।

जग्गा सम्बन्धी विवाद समय–समयमा सार्वजनिक भइरहेकै विषय हुन् । केही वर्षअघि बिर्तामोडस्थित देवी गुठीको जग्गा गुठीकै सञ्चालकहरुको मिलेमतोमा व्यक्तिका नाममा हस्तान्तरण भएको थियो । हाल डोमालाल रंगशाला नाम दिइएको जग्गा देवी गुठीको स्वामित्वबाट व्यक्तिका नाममा सारिएपछि परेको मुद्दा अझै पनि विवादमै छ । यसबाहेक बजार क्षेत्रमा भएका ऐलानीपर्ती, खोल्सा, पैनी लगायत सरकारी स्वामित्वको मात्र होइन व्यक्तिका नामका जग्गा पनि भूमाफियाहरुले किनबेच गरेका उदाहरण छन् । तर, बिर्तामोडका प्रतिष्ठित व्यक्तिका नामको जग्गा–जग्गाधनीको स्वर्गवास भएको डेढ वर्षपछि नक्कली जग्गाधनी खडा गरेर काठमाडौं जिल्ला अदालतबाट वारेसनामा दिएर बिक्री गरेको घटनाले सबैलाई आश्चर्यचकित बनाएको छ । यसले कोही कसैको व्यक्तिगत सम्पत्ति पनि सुरक्षित छैन– हुँदैन भन्ने सन्देश प्रवाह गरेको छ, जो स्वयम् डरलाग्दो विषय हो ।

जग्गा बिक्री गर्न आवश्यक प्रक्रियाहरु पूरा गर्नु पर्दछ । वडा कार्यालयबाट बिक्रीका लागि सिफारिस लिनु, जग्गाधनीको नागरिकता, धनीपुर्जा लगायतका व्यक्तिगत कागजात चाहिन्छ जो नक्कली खडा गर्नुपर्‍यो अथवा आधिकारिक व्यक्तिलाई प्रलोभनमा पारेर प्राप्त गर्नुपर्‍यो । दिवंगत व्यक्तिको नागरिकता लिनेदेखि अधिकृत वारेसनामा बनाउने र मालपोत कार्यालयमा रजिस्ट्रेसन पास गर्नेसम्मका प्रक्रियाहरु कसरी निर्वाध सम्पन्न भए अनुसन्धानले देखाउला नै । तर, 'चोरी भयोभन्दा पनि चोर पल्कियो' भनेर डराउनुपर्ने यो घटनाले शिक्षा दिएको छ । यसले जतिसुकै कानूनी जटिलता थपिए पनि किर्ते–काइते र जालसाजी गर्नेलाई केही फरक नपार्ने रहेछ भन्ने पनि देखाएको छ । त्यसैले कानूनी विधिबाटै पक्राउ परेकाहरुलाई दण्डसजायको माध्यमबाट अरुहरुलाई समेत सचेत गराउन र असत्य टिक्दैन भन्ने प्रमाणित गर्न फरार आरोपितहरु पनि यथाशीघ्र पक्राउ पर्नुपर्छ । जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय अनारमनीले अपराधी पक्राउ गर्न देखाएको सक्रियता र तदारुकता प्रशंसनीय छ । आशा गरौं किर्ते काइतेहरु निरुत्साहित हुनेछन्, सत्यले हार्ने छैन र विधिको शासन बलियो हुनेछ ।

सामाजिक सञ्जाल



केही कमजोरी भए पनि 'स्टिङ अपरेशन'ले भ्रष्टाचार रोक्न मद्दत गरेको थियो । ठाडै घुस लिन डराउँथे । 'स्टिङ अपरेशन' रोक्ने अदालतको फैसलाबाट भ्रष्टाचारीको मनोबल बढ्छ । कमजोरी सुधार गर्नुको सट्टा भ्रष्टाचार रोक्ने एक सशक्त माध्यम नै खारेज गर्नु उपयुक्त होइन ।


**– कमल थापा**



मध्ययुगमा धर्म, धार्मिक संस्थानहरूको दबदबा थियो । मन्दिर, चर्च, मस्जिद बन्नु स्वभाविक हो । यतिखेर ज्ञान, विज्ञानको दबदबा छ, त्यसैले बन्नुपर्ने नयाँ मन्दिर होइन, ज्ञान उत्पादनको कारखाना (विश्वविद्यालय, अन्वेषण हव, अनुसन्धान केन्द्र, पुस्तकालय) हो । हामी २१औं शताब्दीमा छौं ।

**– उत्तम बाबु श्रेष्ठ**

# आज पुस्तक दिवस




**रबिना मैनाली**

पुस्तक दिवस प्रचलन स्पेनबाट शुरु भएको हो। यस दिन विश्वभर विभिन्न साहित्य समारोह र उत्सवहरु मनाइन्छ। तसर्थ, आज लेखन, पढ्न रुचाउनेहरुको उत्सव भनेर पनि भन्न सकिन्छ।

हरेक वर्षको अप्रिल २३ तारिखलाई पुस्तक दिवसका रुपमा मनाउने गरिएको छ। 'पुस्तक' शब्दहरुको समूह हो। जसले धर्म, संस्कृति, सस्कार, सभ्यता, अध्यात्म, दर्शन, ज्ञान्, विज्ञान, इतिहासलाई बोकेको हुन्छ। जीवन सुधार र जिउने कला र ज्ञानको भण्डार हो पुस्तक। पुस्तक नै जीवन ज्योति हो। जसले मार्गदर्शक बनेर मानव सभ्यतालाई सरल र सही ढङ्गमा उत्प्रेरित गर्दछ। यसकारण हरेक क्षेत्रमा पुस्तकको महत्व रहेको छ।

प्राचीन समयबाट नै पुस्तकलाई पवित्र मानिन्छ। पुस्तकमा देवताको वास हुन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं। हाम्रो सनातन धर्म, परम्पराका युग अनुसार सत्य युगमा पुस्तकका देवता भनेर शिवजीलाई चिनिन्छ। त्रेता युगमा सूर्य र द्वापर युगमा प्रजापति ब्रह्मा थिए र कलियुगमा स्वयम् हरिको पुस्तकमा वास छ भन्ने मान्यता छ।

हामी नेपालीहरु या विशेषगरी हिन्दू धर्मावलम्बीहरुको संस्कार, शिक्षामा नै छ कि पुस्तकमा देवताको वास हुन्छ र हामीले पुस्तकको पूजा गर्नुपर्दछ भन्ने विश्वास र मान्यता छ। यदि झुक्किएर खुट्टाले पुस्तक छोएमा पनि हामी शिर झुकाएर नमन गर्दै माफी माग्दछौं। कुनै पनि पुस्तकको पाना च्यात्नु, पुस्तकलाई हेला गर्नु भनेको धर्म र संस्कारको विपरीत जानु हो। पूर्णरुपमा हाम्रो समुदाय शिक्षित नभए पनि सम्पूर्ण समुदाय र सिङ्गो देशलाई नै पुस्तकप्रति सम्मान र यसको बृहत महत्व रहेको छ। हामीकहाँ श्री पञ्चमीमा सरस्वती पूजाको नाममा हरेक वर्ष सरस्वतीको



मूर्तिसहित पुस्तक पूजा, स्तुति नमन गर्ने प्रचलन छ। प्राचीनकालदेखि नै हामीमा भागवत गीता, रामायण, श्री स्वस्थानी जस्ता विश्व प्रख्यात महान पुस्तकहरु पढ्ने र व्यवहारमा लागू गर्ने ज्ञान र संस्कार बसेको छ।

पछिल्लो समयमा पुस्तक दिवस नेपाली समाजमा विशेष बन्दै गएको छ। 'पुरानो कोट लगाऔं नयाँ पुस्तक किनौं' हाम्रो प्राचीन मान्यता रहेको छ। तसर्थ, यहाँ पुस्तकको चाह र माया विशेष छ। विश्वमा पुस्तक पढ्नेहरुको संख्या बढ्दै गएको छ। पूर्वीयकालमा ऋषि, आचार्य, गुरु, पुरोहितहरु नै रचनाकार, लेखक हुने गर्दथे। वर्तमान समयमा पुस्तक लेख्नेहरुको होडबाजी चलिरहेको छ। हरेकलाई लेखक बन्नुछ। कतिपय लेखकहरुले भाषाशैली तथा शब्द छनौटमा सजकता नअपनएको हुँदा कतिपय पुस्तकले अदालतसम्मको यात्रा गर्नु परेको छ।

बजारमा विभिन्न प्रकारका, विभिन्न शीर्षकमा अनेकौं पुस्तकहरु आइरहन्छन्। तर, हालसम्म नेपालमा पुस्तक प्रकाशन सम्बन्धी कुनै नीति बन्न सकेको छैन। जसले गर्दा राम्रा पुस्तक प्रकाशनमा आउन नसकेको अवस्था छ र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धामा समेत आउन सक्ने अवस्था छैन।

नेपालमा धेरैजसो ग्रामीण क्षेत्रहरु छन् र सम्पूर्ण क्षेत्रमा इन्टरनेटको पहुँच नरहेको हुनाले विश्वमा ई-पुस्तक लेख्ने र पढ्ने प्रवृत्ति अगाडि बढीरहँदा नेपालमा भने यो चुनौतिपूर्ण रहेको छ। नेपालमा ७०% मानिसले पुस्तक पढ्ने गरेका छन्। विश्वमा अनुसन्धनात्मक पुस्तकहरुलाई बढी मान्यता दिइन्छ। तर, पुस्तक प्रकाशन र व्यवस्थापनमा सरकारको कुनै नीति नरहेको हुनाले समाजमा अपच हुनेखालका पुस्तकले स्थान पाएको महशुस हुन्छ। उता कति पुस्तक प्रकाशन भए भन्ने तथ्यांक छैन र पुस्तकको बिक्री-वितरणमा पनि मनमर्जी रहेको पाइन्छ। तसर्थ, नेपाल सरकारले तुरुन्त पुस्तक सम्बन्धी नीति ल्याउन अति आवश्यक छ।

हामीकहाँ श्री पञ्चमीमा सरस्वती पूजाको नाममा हरेक वर्ष सरस्वतीको मूर्तिसहित पुस्तक पूजा, स्तुति नमन गर्ने प्रचलन छ। प्राचीनकालदेखि नै हामीमा भागवत गीता, रामायण, श्री स्वस्थानी जस्ता विश्व प्रख्यात महान पुस्तकहरु पढ्ने र व्यवहारमा लागू गर्ने ज्ञान र संस्कार बसेको छ।

**सन्दर्भ : पुस्तक दिवस**

# असफल राष्ट्र हुनबाट नेपाललाई कसरी जोगाउने ?



**हरिविनोद अधिकारी**

नेपालको अहिलेका राजनीतिक अवस्थाले देखाउँछ-प्रजातन्त्र स्थापना, पुनर्स्थापना र बारम्बार गुमेको प्रजातन्त्र बहाली गर्नुभन्दा त्यसको संरक्षण गर्न कति गाह्रो रहेछ। यसै पनि प्रजातान्त्रिक व्यवस्था संवेदनशील र खुला वातावरणमा र जनताको प्रत्यक्ष निगरानीमा चलाइने शासन व्यवस्था हो।

यो पंक्तिकार यत्तिबेर मिश्रका ती युवा संगीतज्ञ, गायक तथा युवा प्रजातन्त्रवादी अभियन्ता रामी एस्समलाई सम्झिरहेको छ जसले राजनीतिज्ञहरूको आह्वान नमानेको बेला मिश्रको तहरिर चोकमा होस्नी मुबारकको निरंकुश शासनका विरुद्ध डेमोक्रेसी गीत गाएर लाखौं मिश्रेली जनतालाई प्रजातन्त्रको पक्षका उराल्यो र २०११ मा आन्दोलन सफल पनि भयो जसले होस्नी मुबारकको शासन ढाल्यो। प्रजातन्त्र आयो। प्रजातन्त्रका सामान्य प्रक्रियाहरू सक्रिय भए तर राजनीतिज्ञहरूले त्यसलाई बचाउन सकेनन्।

मिश्रमा फेरि प्रजातन्त्रका नाममा अर्द्ध सैनिक व्यवस्था चलेको छ र रामी जस्ता प्रजातन्त्रका अभियन्ता राष्ट्रविरोधीको आरोपमा युरोप निर्वासनमा बस्नु परेको छ। मैले उनलाई चेक रिपब्लिकका संस्थापक राष्ट्रपति बास्लाभ हाभेलको नामबाट स्थापित पुरस्कारबाट अभिनन्दित हुनका लागि ओस्लो फ्रिडम फोरमले २०१९ को मेमा गरेको कार्यक्रममा ओस्लोमा भेटेको थिएँ। उनका ती प्रजातन्त्र गीतहरूले अहिले पनि अरबी भाषा र अंग्रेजी भाषामा रोमाञ्चकता ल्याउँछन्।

हिजोका दिनमा रामीले गाउने प्रजातन्त्र गीतले जनताको जोस बढेर होस्नी मुबारकविरुद्ध आन्दोलनमा उठ्न मिश्रेलीहरू जाराक जुरुक उठेका थिए भने अहिले त्यही गीत गाउँदा श्रोताको आँखामा झल्झली त्यही तहरिर चोकको लाखौंको उपस्थिति आउँछ, तर उनी रुँदै-रुँदै त्यही गीत हामीलाई सुनाइरहेका थिए र उनले आफ्नो अभिनन्दन भाषणमा भने- अब मेरो देशमा फेरि कहिले प्रजातन्त्रको उज्यालो आउने हो, थाहा छै। तर, मेरो जीवनको उद्देश्य प्रजातन्त्रका पक्षमा चेतना जगाउने नै भएको छ जब कि म एउटा संगीतको साधक हुँ र राजनीतिक नेतृत्वप्रतिको अविश्वासले मेरा गीतहरूले झञ्झावत ल्याएका थिए र मेरा देशबासीहरू प्रजातन्त्रका पक्षमा तरङ्गित भएका थिए।


प्रजातन्त्र आफैं केही पनि होइन। यसका संस्थाहरू हुन्छन्। जसलाई सरकारको रूपमा ग्रहण गरिन्छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सँगै अरु जनताका आवश्यकता पूरा गर्नका लागि न्यायिक तथा अर्द्ध न्यायिक संस्थाहरूको व्यवस्था गरिएको हुन्छ। ती सबै संस्थाहरू जनविश्वासका साथ सक्रिय हुनु नै प्रजातन्त्रको सफलता हो। प्रजातान्त्रिक या लोकतान्त्रिक व्यवस्था हो जसमा जनताको अविश्वासलाई कसैले पनि पचाउनु हुँदैन र बेवास्ता पनि गर्नुहुँदैन। यदि प्रजातान्त्रिक अवयवहरू अक्षम भए भने मुलुक एकाङ्गी हुनेछ र बिस्तारै-बिस्तारै मुलुक असफलतातिर उन्मुख हुनेछ।

असफल मुलुक भनेको कस्तो हुन्छ ? एउटा जिज्ञासा मनमा उठ्थ्यो र फेरि लाग्थ्यो नेपाल त कुनै पनि हालतमा असफल मुलुक हुने छैन। एउटा मुलुक असफल हुनका लागि त्यहाँको माटोको दोष हुँदैन, त्यहाँको पानीको, हावाको, चराको, पशुपन्छीको, आकाशको, पहाडको, समुद्रको, नदीको र अझ ती निरपराध जनताको पनि दोष हुँदैन। तर, दोष त तिनको हुन्छ जसले मुलुकको साँचो हातमा लिएर बसेका हुन्छन्। मुलुकमा गर्नुपर्ने काम नगरी नगर्नुपर्ने कामहरू गरिरहने ती सत्तामा रहेका वा उत्तरदायित्व लिएका व्यक्तिहरूको कारणले मुलुकले असफल हुनु परेको हुन्छ।

आफू पनि केही गर्न सक्दैनन् अनि अरुका लागि गजधम्म बाटो रोकेर बसेका हुन्छन्। ती आफूसँग केही पनि क्षमता छैन भन्ने कुरामा विश्वास गर्दैनन्। तर, आफूलाई नै यो विश्वको सबैभन्दा जान्ने ठान्दछन्। मुलुकलाई एउटा गलत बाटोबाट अर्को गलत बाटोमा यसरी घिसार्दै लैजान्छन् कि मुलुक फेरि कतैबाट फर्कन पनि सक्दैन।

भीरको मुखमा लगेर ती आफू सके भाग्छन्, नसके आफूसँग मुलुकलाई नै भीरबाट लडाउँछन् जस्तो कि कुनै गाडी चालकले मध्यरातमा भीरबाट गाडी खसाउँछ। कहिले ऊ बाँच्छ या सबै यात्रुहरूलाई आफूसँगै मार्छ। त्यस्तो दुर्घटना भएका गाडीको र यात्रुहरूको दुखान्त कथाको पछिल्तिर त्यस्तै कथा हुन्छ चालकले किन त्यो गाडी सबै यात्रुले नचलाउने आराम गर्ने भन्दाभन्दै चलाएको हुन्छ।

हाम्रो मुलुक कतै असफल राष्ट्रको रूपमा पो अगाडि बढेको पो हो कि ? सरकारप्रति जनताको आस्था छैन। सरकारको आफूलाई उत्पत्ति गर्ने व्यवस्थापिकाप्रति विश्वास छैन र सरकार अहिले जस्तो अराजक हुँदा पनि व्यवस्थापिका विकल्प दिन सक्दैन जसले गर्दा व्यवस्थापिकाको गर्विलो महत्वको कमी महशुस भइरहेको छ। न्यायपालिकाले दिने न्याय भनेको सरकारले तत्काल कार्यान्वयन गर्नको लागि हो। सरकारको काम भनेको संविधानका छिद्रबाट कसरी पस्ने र सरकारका कामहरूको अनावश्यक



गति कसरी बढाउने भन्नेमा देखिन्छ। सरकारको माध्यमबाट जनताका सेवाका लागि गठित संवैधानिक आयोगहरूप्रति जनतामा विश्वास देखिँदैन।

संविधानवादको विरुद्धमा को भन्दा को बढी लाग्न सक्छ भनेर सत्तारुढ दलको प्रतिस्पर्धा छ र भ्रष्टाचार, अत्याचार र निरंकुशताको विरुद्ध सरकारको विपक्षमा बोल्नुभन्दा सत्ताको होडमा राजनीतिज्ञहरू लागेको देखिन्छ। हो त्यहीँनेर उनीहरूको कमजोरी पत्ता लगाएर मुलुक असफलतातिर उन्मुख देखिन्छ। कुरो अहिलेको सत्तापक्ष नेकपा एमाले र नेकपा माओबादी केन्द्रकै कुरा हो। कोही पनि दूधले नुहाएको देखिँदैन।

झन् प्रतिनिधि सभा पुनर्स्थापना भएपछि सत्तारुढ दलहरू झन कुहिरोका काग भएका छन् किनभने कम्युनिस्टले प्रजातन्त्र हाँक्न नसकेको देखिन्छ। यसमा प्रधानमन्त्री केपी शर्मा ओलीको दोष अलि बढी होला तर उनलाई यो अवस्थासम्म जानका लागि उत्तेजित बनाउने र शक्ति सञ्चयका लागि मौका दिने तिनै हुन् जो अहिले न त प्रधानमन्त्रीलाई असहयोग गर्न सक्छन्, न विकल्प दिन सक्छन्, न पुनर्स्थापना भएको प्रतिनिधि सभालाई सक्रिय बनाएर संसद नै प्रजातन्त्रको मुख्य थलो हो भन्ने प्रमाणित गर्छन्।

विपक्षी दल नेपाली कांग्रेस एमाले र माओवादी केन्द्रभन्दा तुलनात्मकरूपमा संयम देखिए पनि प्रजातन्त्रको विकल्प प्रजातन्त्र मात्रै हो भन्ने संसदवादको सिद्धान्तलाई क्रियान्वयन गर्न र हस्तक्षेपकारी भूमिका निर्बाह गर्न सकेको पाइएन। प्रजातन्त्र भनेको सहमति, सम्झौता र संयमपूर्वक खेलिने विधिको खेल हो र यसमा त्यागको मात्र धेरै हुनुपर्छ किनभने जनताले जस्तोसुकै अवस्थामा पनि जनताको पक्षमा उभिनका लागि मतदान गरेर पठाएका हुन्छन् चाहे सत्तापक्ष होस् या विपक्ष होस्। सत्तापक्ष र विपक्षी भनेको संसदमा प्राविधिक कुरा हो प्रजातन्त्रमा किनभने संसदमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरू जनताको मतलाई प्रतिनिधित्व गरेका हुन्छन्।

जब शरीरका विभिन्न अवयवहरू काम गर्न छोड्छन्, अनि शरीर असफल हुन्छ। शरीरमा केही भागहरू अत्यन्त संवेदनशील हुन्छन्। तर, कमजोर मानिने अंगहरूले पनि जब काम गर्न छोड्छन् तिनका कारणले पनि शरीर असफल हुन्छ र प्राणीको मृत्यु हुन्छ। राज्य पनि त्यस्तै हो। राज्यका कार्यहरू सबै उत्तिकै संवेदनशील हुन्छन्। तर, ती सबैको नियन्त्रण गर्ने काम मस्तिष्क र मुटुले गरेका हुन्छन्। अन्य अवयवहरूको कामले मस्तिष्क र मुटुको चाललाई सहयोग गरेका हुन्छन्।

मुलुक असफल हुँदा उपिञाहरू लेन्डुप दोर्जेहरू जस्तै कतै ओत लाग्लान्, तर यो मुलुकमा कहिल्यै कसैको दास नभएको इतिहासलाई बचाएर बसेका हामी नेपालीहरूको के हाल होला ? झट्ट हेर्दा नेपाललाई कुनै मुलुकले आफ्नो सीमाभित्र लैजाला भन्ने त नहोला, तर मुलुकको सम्पूर्ण अवस्था अरुकै नियन्त्रणमा गएमा के हाल होला ? के अहिलेको अवस्थाले देखाउँदैन र ? मुलुक असफलता तिर उन्मुख छैन त ? छातीमा हात राखेर सोचौं।

बोल-बोल मछली मुख भरि पानी भएको छ। सत्तापक्षीय नेताहरू नै सत्तापक्षीय नेताहरूको विदेशी मालिकहरूको बारेमा सार्वजनिक वक्तव्य दिन्छन् र त्यसप्रति कसैको पनि कुनै प्रतिक्रिया देखिँदैन। अनि कसको कसको को को विदेशीसँग कस्तो सम्बन्ध छ भनेर राजनीतिक फाँटमा स्पष्टै छ। नेपालमा पनि अब फेरि बसन्त आन्दोलनको आवश्यकता देखिन्छ। जसले मुलुकको प्रजातन्त्र जोगाउन र मुलुकलाई असफलताबाट जोगाउन त्याग सहितको आन्दोलनको तरङ्ग ल्याउन सकून्। अझै पनि समय छ राष्ट्रलाई असफल हुनबाट जोगाउने।

# वडा कार्यालय भवनको शिलान्यास



□ विमल दाहाल

**इलाम, बैशाख ९।** माई नगरपालिका वडा नम्बर २ को वडा कार्यालय भवनको शिलान्यास गरिएको छ ।

वडाको मस्ते गाउँमा निर्माण शुरु गरिएको भवनलाई माईका प्रमुख दिपककुमार थेवेले शिलान्यास गरेका हुन् । स्थानीय पदम गिरी र सुनिता गिरीले निःशुल्क प्रदान गरेको तीन रोपनी जग्गामा भवन शिलान्यास गरिएको हो । जग्गाको हालको मूल्य ३० लाखभन्दा बढी रहेको छ ।

शिलान्यास गरिएको भवनको निर्माण कार्य समेत शुरु गरिएको छ । भान्सा कोठा, शौचालयसहित छ कोठा रहने एकतले भवन ८१ लाख रुपैयाँको लागतमा निर्माण शुरु गरिएको हो । निर्माणका लागि आचार्य कन्ट्रकसन माईले जिम्मेवारी पाएको छ । वडा कार्यालय एक बर्षभित्र निर्माण सम्पन्न हुने आचार्य कन्ट्रकसनका प्रमुख हरि आचार्यले जानकारी दिए ।

वडा कार्यालय शिलान्यास कार्यक्रममा उपप्रमुख बिष्णुमाया आचार्य, वडा सदस्य हरीमाया गौतम, राजेन्द्र निरौला लगायतको सहभागिता रहेको थियो ।

# औद्योगिक क्षेत्रमा ४८ प्रतिशत वैदेशिक लगानी

**झापा, बैशाख ९।** नेपालमा आएको प्रत्यक्ष वैदेशिक लगानी मध्ये ५१ दशमलव एक प्रतिशत सेवा क्षेत्रमा र ४८.८ प्रतिशत औद्योगिक क्षेत्रमा रहेको देखिन्छ ।



नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको 'प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७५/०७६' अनुसार सेवा क्षेत्र अन्तर्गत कूल प्रत्यक्ष वैदेशिक लगानी मध्ये २७.४ प्रतिशत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा रहेको छ । त्यसैगरी औद्योगिक क्षेत्र अन्तर्गत उत्पादन क्षेत्रमा २८.६ प्रतिशत र जलविद्युत् क्षेत्रमा २० प्रतिशत वैदेशिक लगानी छ ।

प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गरी लगानीको क्षेत्रगत अवस्था एवम् प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीतिनिर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले यस्तो सर्वेक्षण प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक वर्ष २०७५/०७६ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनी मध्ये कूल एक सय ५३ कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क विश्लेषणका आधारमा प्रतिवेदन तयार पारिएको बैंकले जनाएको छ ।

सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार नेपालमा आ.व. २०७५/०७६ को अन्त्यसम्ममा कूल प्रत्यक्ष वैदेशिक लगानी ८.८ प्रतिशतले कमी आई रु. एक सय ८२ अर्ब ९२ करोड कायम रहेको छ । कूल वैदेशिक लगानीमध्ये चुक्ता पुँजीको अंश ४८.२ प्रतिशत, रिजर्भ ४२.८ प्रतिशत र कर्जाको अंश ९ प्रतिशत रहेको छ । रिजर्भको अंश २७ प्रतिशतले घटेकाले कूल प्रत्यक्ष वैदेशिक लगानीमा कमी आएको हो ।

यसैगरी २०७६ असार मसान्तसम्ममा नेपालमा ५३ देशको प्रत्यक्ष वैदेशिक लगानी छ । त्यसमध्ये भारतबाट सबैभन्दा बढी रु. ५६ अर्ब पाँच करोड र त्यसपछि क्रमशः चीनबाट रु. २७ अर्ब ५६ करोड, सेन्ट किष्टस एण्ड नेभिसबाट रु. २४ अर्ब ९४ करोड, आयरल्याण्डबाट रु. ११ अर्ब ५९ करोड र सिङ्गापुरबाट रु. आठ अर्ब ७३ करोड प्रत्यक्ष वैदेशिक लगानी रहेको प्रतिवेदनमा उल्लेख छ ।

# ज्येष्ठ परिचयपत्र वितरण शिविर



**इलाम, बैशाख ९।** इलामको माई नगरपालिकामा ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण शुरु गरिएको छ ।

माई नगरपालिका वडा नम्बर ७ की ८९ बर्षीया ज्येष्ठ नागरिक धनमाया थापालाई परिचयपत्र वितरण गर्दै प्रमुख दिपककुमार थेवेले शिविरको उद्घाटन गरेका थिए । ६० बर्ष माथिका सबैलाई प्रदान गरिने शिविरमा माई-७ का ७५ जनालाई वितरण गरिएको महिला तथा बालबालिका शाखाकी महिला विकास निरीक्षक जमुना पौडेलले जानकारी दिइन् ।

ज्येष्ठ नागरिक परिचयपत्र वितरण शिविर माईका दशवटै वडामा आगामी बैशाख २३ गतेसम्म सञ्चालन रहने प्रशासन शाखा प्रमुख नवीनकुमार पौड्यालले जानकारी दिए ।

# १० लाख बराबरको चिया जल्यो

**इलाम, बैशाख ९।** इलाम सूर्योदय नगरपालिका-९ गैरीगाउँमा रहेको ग्रामीण चिया उद्योगमा बिहीबार बिहान आगलागी हुँदा स्टोरमा रहेको अन्दाजी ४५ बोरा चिया जलेर नष्ट हुँदा १० लाख बराबरको क्षति भएको छ ।

सोही फ्याक्ट्रीका कामदारहरुले फ्याक्ट्री नजिकै चिया पकाउने क्रममा ग्यास लिक भई आगलागी भएको बताइएको छ । उक्त आगो प्रहरी र स्थानीयको सहयोगमा नियन्त्रणमा लिइएको थियो । आगलागीबाट मानवीय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# बालगोपाल, लक्ष्मी र नारायण भवन बन्ने

**झापा, बैशाख ९।** सडकमा जीवन बिताइरहेका सहयोगापेक्षीलाई उचित बसोबासका लागि मानवसेवा आश्रमले विराटनगर-५ मा तीन भवनको निर्माणको शिलान्यास गरेको छ ।

कविर सेवा आश्रमले मानव आश्रममा सहयोगापेक्षीलाई व्यवस्थित बसोबास गर्नका लागि उपलव्ध गराएको छ कट्ठा जग्गामा आगामी एक वर्षभित्र भवन निर्माण हुनेछ । उक्त स्थानमा रु. २२ करोडका लागतमा ५५ कोठाका तीन भवन निर्माण गरिने छ जसको नाम बालगोपाल, लक्ष्मी र नारायण राखिने छ ।

मिस वर्ल्ड नेपाल शृंखला खतिवडा संलग्न रहेको गाथा डिजाइन समूहले २७ हजार वर्ग फिट रहने गरी भवनको नक्शा निर्माण गरेको हो । प्रदेश नं. १ सरकार, सामाजिक विकास मन्त्रालय, विराटनगर महानगरपालिका, मोरङ र सुनसरीका उद्योगपति, व्यापारी र नागरिक समाजले उक्त भवन निर्माणका लागि आवश्यक पर्ने रकम व्यवस्था गर्ने छन् ।

त्यसैगरी महानगरपालिकाका प्रमुख भीमप्रसाद पराजुली लगायत विभिन्न उद्योगपति, नागरिक समाज लगायत अन्य व्यक्तिगतरुपमा एक-एक कोठाका लागि रु. एक करोड ७४ लाख सहयोग गरी ३४ कोठा निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । महानगरका प्रमुख पराजुली र उपप्रमुख इन्दिरा कार्की, कविर आश्रमका जग्गादाता सुशीला खड्का, मानवसेवा आश्रमका संयोजक रामजी अधिकारी लगायतले संयुक्तरुपमा भवनको छ स्थानमा शिलान्यास गरेका थिए ।

सो अवसरमा महानगर प्रमुख पराजुलीले सहयोगापेक्षीको बाँकी जीवन सुखमय बनाउन आश्रम निर्माणले सहयोग पुऱ्याएको धारणा राखे । सामाजिक विकास मन्त्रालय सचिव गोविन्दबहादुर कार्की, कलाकार दीपाश्री निरौला, मनोज गजुरेल, आनीछोइङ डोल्मा, पूर्वप्रहरी अधिकृत रमेश खरेल लगायतले सडकमा खाना, छाना र नानाबिना जीवनयापन गरिरहेका सहयोगापेक्षीलाई सम्मानपूर्वक बसोबासको व्यवस्था गर्न लागिएमा खुशी व्यक्त गरे ।

त्यसैगरी आश्रम निर्माणका लागि विराट व्यापार संघले रु. दुई लाख ५० हजार तथा ११ जनाले रु. एक लाख ११ हजार एक सय ११ का दरले आश्रमको वार्षिक भोजनको आजीवन सदस्यता लिएको जनाइएको छ ।

# दुर्घटनामा वृद्धा महिलाको मृत्यु

**भद्रपुर, बैशाख ९।** झापाको भद्रपुरमा ट्रकले सिटी सफारीलाई ठक्कर दिँदा एक वृद्धा महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भद्रपुर नगरपालिका-९ निवासी ६७ बर्षीया गायत्रीदेवी प्याकुरेलले रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए । प्रहरीका अनुसार भद्रपुर- १० स्थित मेची राजमार्ग अन्तर्गत चारआली-केचना सडकखण्डमा बिहीबार मे १ क २६७ नम्बरको ट्रकले मे १ ख ६४५८ नम्बरको सिटी सफारीलाई ठक्कर दिएको थियो ।

ठक्करबाट सिटीमा सवार प्याकुरेल सडकमा लडेको र ट्रकको चक्काले कुल्चिएपछि उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृतक प्याकुरेल ब्रतबन्धको फूलपाती बिर्सजनका लागि गइरहेकी थिइन् । ट्रक भद्रपुरस्थित दक्षिणकाली प्लाष्टिक उद्योगको रहेको प्रहरीले जनाएको छ । पानीको ट्याकी लोड गरिएको ट्रक चारआलीतर्फ गइरहेको थियो । यता ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# बाबुको हत्या अभियोगमा छोरा पक्राउ

**सुनसरी, बैशाख ९।** सुनसरीको बराहक्षेत्र-९ का १७ बर्षीय उमेश पौडेल आफ्नै बुवाको हत्या अभियोगमा पक्राउ परेका छन् ।

बैशाख ७ गते उनले घरयासी विवाद हुँदा घरमा रहेको भाँडाले बुबा ३८ बर्षीय उपेन्द्र पौडेललाई कोखामा हानेर घाइते बनाएका थिए । घाइते उपेन्द्रको नोवेल अस्पतालमा उपचारको क्रममा बिहीबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

उनको मृत्युपश्चात उमेशलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।

सम्पर्क : ९८१४९६३४८८

**मार्केटको सटर भाडामा**

झापाको बिर्ताबजारस्थित मिरा कम्प्लेसका केही सटरहरु खाली रहेकोले व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्ति वा फर्महरुले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८१४०२७४६१/९८४२६५४६३८

**कर्मचारी आवश्यकता**

नेपाल सरकारबाट मान्यता प्राप्त यस कम्पनीलाई कार्यालय सञ्चालन र विस्तारका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

पद : P.R.O, Tranning Officer
योग्यता : SEE, +2 सो सरह
तलब : 15,000 to 20,000/-
कागजात : PP Size Photo 2pcs, Citizership. education Certiticated.
सम्पर्क : बिर्तामोड-५, शनिश्चरे स्टेण्ड
फोन : ९८२५३५८७९६, ९८६६७२५७९

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**विरामी वर्गलाई खुशीको खबर**

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।

फाल्गुनन्द आयुर्वेद फार्मेसी
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा
मो. ९८४२६४३६१८/९८०४९९४८८०

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)


**व्यक्तिगत घटना दर्ता अभियान सम्बन्धी बिर्तामोड नगरपालिकाको अन्यन्त जरुरी सूचना**

*व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।*

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा बिर्तामोड नगरपालिकाबाट मिति २०७८ साल बैशाख १ देखि १६ गतेसम्म घटना दर्ता अभियान सञ्चालन हुने भएकोले व्यक्तिगत घटना दर्ता एवम् सामाजिक सुरक्षा भत्ताका लागि निवेदन दिन बाँकी भएका नागरिकहरुले आफ्नो वडा कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुनका साथै जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाई सराई जस्ता व्यक्तिगत घटना अनिवार्य रुपमा दर्ता गरौं/गराऔं । राष्ट्रियव्यापी रुपमा भइरहेको घटना दर्ता अभियान सफल पारौं ।

*'घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।'*

नभुल्नुहोस् है,
घटना दर्ता अभियान,
आगामी बैशाख १ गतेदेखि १६ गतेसम्म, तपाईको आफ्नै वडामा ।
व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।
थप जानकारी आवश्यक भएमा बिर्तामोड नगरपालिकामा सम्पर्क गर्नुहोला ।
बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

– शाखा अधिकृत



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** हतारको निर्णयले समस्या निम्त्याउन सक्छ । आत्मसम्मानका लागि मौन रहनु बेस होला । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला । भावना बुझ्न नसक्दा शुभचिन्तकहरू टाढिन सक्छन् । कसैले काम अड्काउन सक्ला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आशा देखाउनेहरूबाट सावधान रहनुहोला । बोली व्यहारमा संयम रहँदै गरिएको युक्तिपूर्ण व्यवहारले फाइदा दिलाउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । सहयोगीहरूले साथ दिनेछन् भने पहिलेको सफलताले पनि हौसला प्रदान गर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन् । बेसुरमा दिइएको बचनले समस्या निम्त्याउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारी साथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । लगानी बढाउँदा प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।